नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी अस्पताल

मेडिकल डाईरेक्टर
डा.दुर्गा थापा
प्रा.प्रहरी अतिरिक्त महानिरीक्षक

## नेपाल प्रहरी अस्पताल, महाराजगंज, काठमाण्डौ

### विद्युतीय/ सिलबन्दी वोलपत्र आव्हानको सूचना

सूचना नं.१४/०७५/०७६

प्रथम पटक प्रकाशित मिति २०७६/०३/०८ गते।

आ.व.२०७६/०७७ मा आवश्यक पर्ने औषधी तथा औषधिजन्य मालसामान, कार्यालय सञ्चालन तथा मर्मत सम्भारका लागि आवश्यक सामानहरू खरिद गर्नु पर्ने भएकोले यस अस्पतालको विनियोजित तथा कल्याण कोष लगायतको रकमबाट विद्युतीय/ सिलबन्दी बोलपत्र आव्हान गरिएको हुँदा इजाजत प्राप्त इच्छुक फर्म, संस्था तथा कम्पनीहरूबाट रीत पूर्वकको बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

साथै देहाय बमोजिमका मेडिकल ईक्यूप्मेन्टहरुमा प्रयोग हुने रि-एजेन्ट, केमिकल लगायतका अन्य सामानहरू सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा ४१ को उपदफा १(घ) र सार्वजनिक खरिद नियमावली (संशोधन सहित) को नियम ८५ (३) बमोजिम खरिद गर्नु पर्ने भएकोले सम्बन्धित मेसिनको उत्पादक कम्पनीको नेपाल स्थित आधिकारिक बिक्रेता वा आधिकारिक एजेन्टले सूचनाको मितिले १५ (पन्ध्र) दिन भित्र निम्न कागजात सहित प्रस्ताव पेश गर्न सूचित गरिन्छ।

आवश्यक कागजातहरू -

(१) फर्म दर्ता प्रमाण पत्र तथा नवीकरणको प्रतिलिपि। (२) मु.अ.कर दर्ता प्रमाण पत्रको प्रतिलिपि। (३) आ.व.२०७४।०७५ को कर चुक्ता प्रमाण पत्र।

(४ )उत्पादक कम्पनीबाट जारी भएको आधिकारिक बिक्रेता प्रमाण पत्र वा आधिकारीक एजेन्टको प्रमाणपत्र । (५) प्रस्ताबित गर्ने समानको दर रेट।

(६) नेपालको अन्य स्वास्थ्य संस्थाहरुमा आपुर्ति गरेको मूल्य सहितको विवरण।

मेशिनहरुको बिबरण

| SN | Name of Equipment | Model No/Company |
|---|---|---|
| 1 | Biochemistry Analyzer | AU480,Beckman |
| 2 | Biochemistry Analyzer | XL200,ERBA |
| 3 | Sodium Potsssium Analyzer | Statlyte |
| 4 | Hematology Analyzer 5 Part | DXH500, Beckman |
| 5 | Hematology Analyzer 3 Part | Analyticom |
| 6 | Blood Gas Analyzer | Easy Stat,Medica |
| 7 | Blood Gas Analyzer | Opticca T52,Optimecical |
| 8 | Blood Culture | Bactec 9050,BD |
| 9 | CLIA(MAGLUMI-1000) | Snibe Diagnostic |
| 10 | MRI Flim | DRY View 6950 Compatible laser film 14X17" |
| 11 | X-Ray Flim | DT2B-AGFACR Compatible X-Ray Film 8X10" |
| | | DT2B-AGFACR Compatible X-Ray Film 10X12" |
| | | DT2B-AGFACR Compatible X-Ray Fiim 14X17" |

बिस्तृत जानकारीको लागि यस अस्पतालको Website: nph@nepalpolice.gov.np, नेपाल प्रहरीको Website: www.nepalpolice.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको Website: www.ppmo.gov.np मा समेत हेर्न सकिने ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागी अनुरोध गरिएको छ।

नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल प्रहरी अस्पताल, महाराजगंज, काठमाण्डौ

## विद्युतिय / सिलवन्दी वोलपत्र आव्हानको सूचना

सूचना नं. १४/०७५/०७६

प्रथम पटक प्रकाशन मिति २०७६/०३/०८ गते ।

मेडिकल डाईरेक्टर
डा.दुर्गा
प्रा.प्रहरी अतिरिक्त

यस अस्पताललाई आ.व.२०७६/०७७ मा आवश्यक पर्ने औषधी तथा औषधिजन्य सामग्री र कार्यालय सन्चालन तथा मर्मत सम्भारको लागि बिनियोजित बजेट तथा अस्पताल कल्याण कोष लगायतको रकमबाट देहाय बमोजिमको सामानहरू खरिद गर्नु पर्ने भएकोले सूचनामा उल्लिखित शर्तहरुको अधिनमा रही ईजाजत प्राप्त ईच्छुक फर्म, संस्था वा कम्पनीहरुवाट रितपुर्वक बोलपत्र आव्हान गरिएको छ ।

### बोलपत्र सम्बन्धी विवरण:

(क) औषधी तथा औषधीजन्य मालसामान (बिद्युतिय बोलपत्र मात्र) : -

| सि.नं. | सामानको नाम | परिमाण | जमानत रकम रु. | बोलपत्र फारम दस्तुर | बोलपत्र मान्य अविध | दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | औषधि ग्रुप 'ए' कार्डियक डाइवेटिक | वोलपत्र फारमको आवश्यकता सम्बन्धी विवरण तालिकामा उल्लेख भए अनुसार | ७५,०००।०० | ३,०००।०० | बोलपत्र दाखिला गर्ने अन्तिम मितिले ९० दिन | २०७६/०४/०७ गते १२:०० वजे भित्र | २०७६/०४/०७ गते १४:०० वजे |
| २ | औषधि ग्रुप 'बी' एन्टीवायोटिक | | १६०,०००।०० | ३,०००।०० | | | |
| ३ | औषधि ग्रुप 'सी' ईन्जेक्सन | | ५७५,०००।०० | ५,०००।०० | | | |
| ४ | औषधि ग्रुप 'डी' अन्य | | ५८०,०००।०० | ५,०००।०० | | | |
| ५ | प्याथोलोजि केमिकल्स एण्ड रिएजेन्ट | | १९०,०००।०० | ३,०००।०० | | | |
| ६ | सर्जिकल सामान | | ५००,०००।०० | ५,०००।०० | | | |
| ७ | डेन्टल सामान | | ९०,०००।०० | ३,०००।०० | | | |
| ८ | अर्थोपेडिक ईम्पलान्ट | | १५०,०००।०० | ३,०००।०० | | | |
| ९ | सुचर सामान | | ४०,०००।०० | ३,०००।०० | | | |
| १० | मेडिकल अक्सिजन | | ६०,०००।०० | ३,०००।०० | | | |

(ख) कार्यालय सन्चालन तथा मर्मत सम्भार अन्तर्गत (सिलवन्दी बोलपत्र मात्र):-

| सि.नं. | सामानको नाम | परिमाण | जमानत रकम रु. | बोलपत्र फारम दस्तुर | बोलपत्र मान्य अविध | खरिद गर्ने अन्तिम मिति र समय | दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| समुह क | छपाई | वोलपत्र फारमको आवश्यकता सम्बन्धी विवरण तालिकामा उल्लेख भए अनुसार | ७२,०००।०० | रु.३,०००/- | बोलपत्र दाखिला गर्ने अन्तिम मितिले ९० दिन | २०७६/०४/०७ गते कार्यालय समय भित्र | २०७६/०४/०८ गते १२:०० वजे भित्र | २०७६/०४/०८ गते १४:०० वजे |
| समुह ख | सरसफाई तथा अन्य सामानहरु | | ७३,०००।०० | | | | | |
| समुह ग | लत्ता कपडा | | ५४,०००।०० | | | | | |
| समुह घ | मसलन्द सामानहरु | | ४०,०००।०० | | | | | |
| समुह ङ | ईलेक्ट्रीक सम्बन्धि सामानहरु | | ४६,०००।०० | | | | | |
| समुह च | प्लम्विङ्ग, रंग रोगन तथा कार्पेन्ट्री सम्बन्धी सामानहरु | | ९४,०००।०० | | | | | |
| समुह छ | सवारी साधन मर्मत तथा पार्टपुर्जाहरु | | १,०६०००।०० | | | | | |

१. बोलपत्र फारामको साथ कारोबार दर्ता तथा नविकरण प्रमाणपत्र, मु.अ.कर तथा आयकर दर्ता प्रमाण पत्र, आ.व.०७४।०७५ को करचुक्ता प्रमाणपत्रको नोटरी पब्लीकवाट प्रमाणित प्रतिलिपि र बोलपत्र फाराममा उल्लेखित अन्य कागजपत्रहरू समेत संलग्न राखी पेश गर्नु पर्नेछ।

२. औषधी तथा औषधीजन्य मालसामान तर्फको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको Portal www.bolpatra.gov.np/egp बाट e-bidding को कार्य गर्नु पर्ने भएको हुँदा web मा Login गरी प्राप्त निर्देशन अनुसार बोलपत्रदाताले e-submission गर्नु पर्नेछ।

३. बोलपत्र फारामको दस्तुर वापतको रकम कोष तथा लेखा नियन्त्रण कार्यालय काठमाण्डौको नाममा रहेको राष्ट्रिय वाणिज्य बैङ्क ठमेल स्थित राजस्व शिर्षक नं. १४२२९, कार्यालय कोड नं. ३१४०४३५०७, खाता नं. १०००२०००१०००० मा नेपाल प्रहरी अस्पताल, महाराजगंज, काठमाण्डौको नाममा दाखिला गर्नुपर्ने छ।

४. कार्यालय सन्चालन तथा मर्मत सम्भार तर्फको लागि बोलपत्र फाराम तोकिएको शुल्क तिरी उल्लेखित समय भित्र लिखित निवेदन सहित यस अस्पतालको प्रबन्ध शाखा वा कोष तथा लेखा नियन्त्रण कार्यालय, लैनचौर, काठमाण्डौंबाट वोलपत्र फाराम खरिद गरी दर्ता गर्ने अन्तिम मिति र समय भित्र तोकिएका कागजातहरू सहित सिलवन्दी बोलपत्र यस अस्पतालको प्रबन्ध शाखामा दर्ता गरिसक्नु पर्ने छ।

५. विद्युतिय/सिलबन्दी/e-submission बाट दाखिला भएका बोलपत्रहरू माथि उल्लेखित मिति तथा समयमा उपस्थित बोलपत्रदाता वा निजहरुका प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिने छ। बोलपत्रदाता तथा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन। बोलपत्र दर्ता गर्ने अन्तिम दिन तथा खोलिने दिन कारणबस कुनै सार्वजनिक बिदा परेमा सो दिनको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा माथि उल्लिखित स्थान र समयमा बोलपत्रहरु खोलिने छ। निर्धारित मितिमा कारणवश वोलपत्र नखोलिएमा वोलपत्र र वोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मिति देखि नै गरिने छ।

६. बोलपत्र पेश गर्दा तोकिएको जमानत रकममा नघटाई ईजाजत प्राप्त बाणिज्य बैङ्क वा बित्तीय सस्थाबाट नियमानुसार जारी भएको जमानतपत्र वा कोष तथा लेखा नियन्त्रण कार्यालय काठमाण्डौको नाममा रहेको राष्ट्रिय वाणिज्य बैङ्क ठमेल स्थित एकल धरौटी खाता नं. ११००२०३, कार्यालय कोड नं. २७-३१४-०९ मा नेपाल प्रहरी अस्पताल, महाराजगंज, काठमाण्डौको नाममा दाखिला गर्नुपर्ने छ। बैङ्क जमानत वोलपत्र मान्य अवधि भन्दा कम्तीमा ३० दिन बढी (१२० दिन) अर्थात औषधी तथा औषधिजन्य सामानतर्फको लागि कम्तीमा मिति २०७६।०८।०४ गतेसम्म, र कार्यालय सञ्चालन तथा मर्मत तर्फ कम्तीमा मिति २०७६।०८।०५ गतेसम्म मान्य हुनुपर्ने छ।

७. बोलपत्र सम्बन्धी कागजात लगायतका अन्य विषयमा छलफल गर्न मिति २०७६/०३/२७ गते शुक्रबार १२:०० बजे यस अस्पतालमा प्रि-बिड मिटिङ्गको आयोजना गरिने र उक्त मिटिङमा सामानको गुणस्तर तथा आपूर्तिका शर्तहरु सम्बन्धी विशेष जानकारी गराईने हुँदा उक्त मिटिङ्गमा सहभागी हुन जानकारी गराईन्छ ।

८. वोलपत्रदाताले सबै समूह, आँशिक समुह वा कुनै एक समूहको लागि मात्र पनि बोलपत्र पेस गर्नसक्ने छन्। तर समूह भित्रको प्रत्येक आईटमहरुको वोलकवोल अङ्क अनिवार्य रूपमा पेस गर्नुपर्ने छ। प्रचलित ऐन वमोजिम कालो सूचीमा परेका व्यक्ति, फर्म, संस्था वा कम्पनी संचालकले आफ्नो पूर्ण वा आंशिक स्वामित्व कायम रहने गरी खोलेको नयाँ फर्म, कम्पनी वा संस्था वा आफै वा निज समेतको नाममा भैरहेको अर्को फर्म सस्था वा कम्पनिले बोलपत्र पेश गर्न सक्ने छैनन्।

९. वोलपत्र सम्बन्धी अन्य शर्तहरु वोलपत्र फारममा उल्लेख गरिए वमोजिम हुनेछन्।

१०. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३ (संसोधन सहित) र सार्वजनिक खरीद नियमावली २०६४ (संसोधन सहित) बमोजिम हुनेछ।

११. यस अस्पतालको फोन नं. ०१-४४१२५३० मा सम्पर्क गरी वा फार्मेसी/प्रवन्ध/आर्थिक प्रशासन शाखावाट बोलपत्र सम्बन्धी थप जानकारी लिन सकिने छ।

१२. यो सूचना नेपाल प्रहरी अस्पतालको website: www.nph.nepalpolice.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.ppmo.gov.np मा पनि हेर्न सकिने छ।